के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कन्सर्न

रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०१२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क १८० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असार २८ गते शुक्रबार ❑ 12 July 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

पोखराका केही बस्ती, सडक बाढी र पहिरोको जोखिममा

पोखरापत्र संवाददाता
पोखरा, २७ असार

केही दिनदेखि पोखरा क्षेत्रमा पनि परेको अविरल बर्षाले गर्दा पोखरा क्षेत्रका केही बस्तीदेखि सडकहरु भत्कने तथा भासिने गरेको छ।

पोखराको भूवनोट नै कमजोर भएको हुदा यहाँ ठुलो र लामो समय सम्म बर्षा हुदा पोखरामा बाढी पहिरो तथा सडक भासिने तथा जमिन भासिने समस्या बर्ष भन बढ्न थालेको स्थानियहरुले बताउनु हुन्छ । पोखरा १७ दोभिल्लामा पर्ने प्रगती टोल क्षेत्र फुर्सेखोलाको कटानले बस्ती जोखिममा परेको छ भने पोखरा १४ मा सेतीनदी किनारको बस्ती, वात्सायन बृद्धाश्रम क्षेत्र सेती नदीको कटानले उच्च जोखिममा रहेको छ। त्यसै गरी पोखरा २५ को हेमजाको याम्दी क्षेत्रको सडक भासिएको छ भने पोखरा १३ को कमलपोखरीमा बस्ती डुवान भएको छ भने पोखरा १६ जुम्लेटीमा पडक भासिएको छ।

पोखरा दोभिल्ला क्षेत्रको सडक हाल डाईभर्सन गर्नु पर्ने गरी फुर्सोखोलाले सडक भत्काएको पोखरा १७ का वडा अध्यक्ष राधिका शाहीले बताउनु भयो । केही दिन अघि उक्त सडकमा पानीको बहान आउन लागेको देखेर डोजर लगाएर सडक बचाउने गरी खोलाको छेउमा डोजर लगाउन खोज्दा वडाबाट उक्त काम नभएको कारण हाल सडक सहित प्रगती टोल, ओशो ध्यान केन्द्र लगायतको क्षेत्र उच्च जोखिममा परेको स्थानिय रविन गुरुङले दाबी गर्नुभयो । पोखरा महानगरपालिकाका प्रवक्ता मोलीलाल तिम्सिनाले पोखराका धेरै ठाँउमा सडक भासिने देखि डुवान हुने क्रम जारी रहेकोले बर्षाद समेत नरोकिएको अबस्थामा उच्च सर्तकता अपनाउन आग्रह गर्नुभयो ।

अविरल वर्षाका कारण पोखरा १६ जुम्लेटीमा क्षति भएको सडक र स्थानीयको घर सङ्गै छहरेपानीमा गएको पहिरोको गण्डकी प्रदेशका सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रीले अवलोकन गर्नुभएको छ । आफ्नो फेसवुक स्टाटस लेख्दै उहाँले प्रदेशका इन्जिनियर सङ्गै निरीक्षण गरेको उल्लेख गर्दै मन्त्री थापाले क्षतिग्रस्त स्थानको पुर्ननिर्माण लागि व्यवस्था मिलाइएको बताउनु भयो । साथै उहाँले नआत्तिन र सुरक्षित रहन आग्रह गर्नु भएको छ । पोखराको सेतीनदीमा पानीको बहाब बढेकोले यस क्षेत्रका बस्तीमा उच्च सर्तकता अपनाउन जिल्ला प्रशासन कार्यालय कास्कीले आग्रह गरेको छ।

सन्दुक रुइतलाई श्रीपति समाजसेवा पुरस्कार

पोखरापत्र संवाददाता
पोखरा, २७ असार

वरिष्ठ नेत्र चिकित्सक सन्दुक रुइतलाई श्रीपति समाज सेवा पुरस्कार प्रदान गरिने भएको छ। श्रीपति कोइराला गुठी पोखराले सञ्चालन गरेको श्रीपति समाज सेवा पुरस्कार-२०८१ डा. रुइतलाई प्रदान गर्ने घोषणा गरिएको हो।

डा. रुइत म्यागासेसे पुरस्कार विजेता हुन। बिहीबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा गुठीका अध्यक्ष अध्यक्ष फणिन्द्रराज कोइरालाले पुरस्कारको २ लाख २२ हजार २ सय २२ रुपैयाँसहित सम्मानपत्र र पदक प्रदान गरिने जानकारी दिए। श्रीपति कोइराला गुठीले २१७ औं जयन्तीको अवसर पारेर पुरस्कार छनोट समितिले सिफारिस गरेको पुरस्कार घोषणा गरेको हो। अध्यक्ष कोइरालाको संयोजकत्वमा गठित छनोट समितिमा प्राडा दीलबहादुर क्षेत्री, प्राडा विश्वकल्याण पराजुली, गेहेन्द्रेश्वर कोइराला, अशोक पालिखे, दीपेन्द्र श्रेष्ठ र विमला भण्डारी सदस्य थिए। पुरस्कार गुठीको ३२ औं वार्षिक साधारणसभामा प्रदान गरिने अध्यक्ष कोइरालाले बताए।

सन्दुकका पिता सोनाम र माता केसाङ रुइत हुन्। विसं २०११ मा जन्मिएका रुइत दृष्टिका देवता (गड अफ साइट) का रुपमा चिनिन्छन्। कम लागतमा मोतियाविन्दुको उपचारका लागि चिकित्सा पद्धति रुइतेक्तोमिताका सुरुवातकर्ता डा. रुइतले हालसम्म १ लाख ३० हजार भन्दा बढी मोतियाविन्दुको शल्यक्रिया गरेका छन्। उनले बहराइन सरकारबाट दृष्टिका सम्वाहक उपाधिसहित इशा अवार्ड पाएका छन्। डा. रुइतले प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार, भारतको पद्मश्री पुरस्कार, फिलिपिन्सको रोमन म्यागासेसे पुरस्कार, थाइल्यान्ड, भुटानलगायतका पुरस्कार पाइसकेका छन्। यसअघि यो पुरस्कारबाट मानव बेचबिखनको क्षेत्रमा काम गर्ने संस्था 'माइती नेपाल', महावीर पुनको राष्ट्रिय आविष्कार केन्द्र, सर्लाहीको पद्म भुवनेश्वरी नमुना बृद्ध सेवा आश्रम र विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिलाई पुरस्कृत गरिसकिएको गुठीका सचिव नवराज कोइरालाले जानकारी दिए।

गुठीले गत वर्ष घोषणा गरेको पत्रकारितातर्फको पुरस्कार पत्रकार नारायण कार्कीलाई यो वर्ष अर्पण गरिने जानकारी दिएको छ । यस्तै गुठीले श्रीपति कोइराला को २१७ औं जयन्तीको अवसरमा हेमजामा रहेको मानव सेवा आश्रममा फलफुल पनि वितरण गरेको थियो ।पुरस्कार घोषणा कार्यक्रममा गुठीका उपाध्यक्ष गणेशप्रसाद कोइराला, मोहनराज कोइराला, निवर्तमान अध्यक्ष लक्ष्मणप्रसाद कोइराला, नेपाल पत्रकार महासंघ कास्की अध्यक्ष विमला भण्डारी, गुठीका सचिव नवराज कोइराला लगायतले स्व. श्रीपति कोइरालाको शैक्षिक, स्वास्थ्य, सामाजिक योगदानका बारेमा चर्चा गरेका थिए।

सामाजिक सुरक्षाभत्ता लिन राष्ट्रिय परिचयपत्र अनिवार्य नगर्ने मन्त्रिपरिषद्को निर्णय

रासस
काठमाडौं, २७ असार

सरकारले सामाजिक सुरक्षा भत्ता लिन राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने निर्णय स्थगित गर्ने भएको छ।

सिंहदरबारमा बिहीबार भएको मन्त्रिपरिषद्को बैठकले प्राकृतिक विपत्का कारण राष्ट्रिय परिचयपत्र बनाउन असहज भएकाले तत्कालका लागि राष्ट्रिय परिचयपत्र लागू नगर्नेगरी पहल गर्न गृह मन्त्रालयलाई निर्देशन दिने निर्णय गरेको हो।

बैठकको निर्णयबारे सञ्चारकर्मीलाई जानकारी दिनुहुँदै सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सरकारले मुलुकमा विभिन्न स्थानमा वर्षा, बाढी र पहिराका कारण सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने नागरिकलाई राष्ट्रिय परिचयपत्र बनाउन असहज परिस्थिति सिर्जना भएकाले तत्कालका लागि राष्ट्रिय परिचयपत्र लागू नगर्ने निर्णय भएको बताउनुभयो।

"सामाजिक सुरक्षासम्बन्धी सेवा प्रदान गर्न राष्ट्रिय परिचयपत्र लागू गर्ने निर्णय भएकामा मुलुकमा विभिन्न स्थानमा वर्षा, बाढी र पहिराका कारण सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने नागरिकलाई राष्ट्रिय परिचयपत्र बनाउन असहज परिस्थिति सिर्जना भएकाले तत्कालका लागि राष्ट्रिय परिचयपत्र लागू नगर्नेगरी पहल गर्न गृहमन्त्रालयलाई निर्देशन दिने निर्णय भएको छ", सञ्चारमन्त्री शर्माले भन्नुभयो । यसअघि सरकारले राजपत्रमा एक सूचना प्रकाशित गरी सबै प्रकारका सार्वजनिक सेवा लिन राष्ट्रिय परिचयपत्र अनिवार्य गरेको थियो।

मन्त्रिपरिषद् बैठकले बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्यनिरुपण तथा मेलमिलाप आयोगको कार्यावधि २०८२ असार मसान्तसम्म थप गर्ने निर्णय गरेको छ। बैठकले दुवै आयोगको म्याद थप गर्न बाधा अड्काउ फुकाउको आदेश नेपाल राजपत्रमा प्रकाशन गर्ने निर्णय गरेको सञ्चारमन्त्री शर्माले बताउनुभयो।

बैठकले स्थानीय तह राजस्व व्यवस्थापन प्रणाली सञ्चालन निर्देशिका, २०८१ र सरकारी कोषको नगद व्यवस्थापनसम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने निर्णय गरेको छ । साथै बैठकले नेपाल सरकार र चीन सरकारबीच हस्ताक्षर हुने 'स्ट्रेन्थनिङ द डेभलपमेन्ट कोअपरेसन इन बिल्डिङ द ट्रान्स हिमालयन मल्टि डाइमेन्सनल कनेक्टिभिटी नेटवर्क' विषयक समझदारीपत्र स्वीकृत गरेको सञ्चारमन्त्रीले बताउनुभयो । बैठकले यसअघि २०८० माघ १८ गतेको मन्त्रिपरिषद् को निर्णयअनुसार गठन गरिएको कार्यदलले पेस गरेको फौजदारी न्याय प्रशासन सुधार अध्ययन तथा सुझाव प्रतिवेदन सार्वजनिक गर्ने र प्रतिवेदनले औंल्याइएका सुझाव कार्यान्वयन प्रक्रियामा लैजान कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाउने निर्णय गरेको छ।

कास्कीमा अनुदानकै बजेट खर्च भएन

पोखरापत्र संवाददाता
पोखरा, २७ असार

गण्डकी प्रदेश सरकारले दुग्ध उत्पादक कृषकलाई उत्पादनका आधारमा अनुदान रकम प्रदान गर्दै आएको छ।

कास्कीमा दूध उत्पादनमा कृषकलाई यसअघि प्रतिलिटरमा दुई रुपैयाँ ५० पैसा अनुदान दिँदै आएकामा यस वर्ष वृद्धि गरी प्रतिलिटर रु पाँच दिने योजनाअनुसार बजेट विनियोजन गरिएको थियो। तर मन्त्रालयबाट यससम्बन्धी कार्यविधि स्वीकृत नहुँदा कृषकले सरकारले वृद्धि गरेको अनुदान रकम पाउनबाट वञ्चित भएका हुन्।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कास्कीले चालु आर्थिक वर्षमा दूध उत्पादनमा आधारित प्रोत्साहन सहयोग कार्यक्रमका लागि रु दुई करोड बजेट विनियोजन गरे पनि रु एक करोड ४९ हजार सात सय ३८ मात्र खर्च भएको छ। कृषकले सरकारले विनियोजन गरेको बजेटको आधा मात्र पाएका छन्। चालु वर्षमा समेत विगत वर्षमा जस्तै प्रतिलिटर दुई रुपैयाँ ५० पैसाका दरले कृषकलाई प्रोत्साहन रकम प्रदान गरिएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कास्कीका प्रमुख शम्भुराज पाण्डेले बताउनुभयो। उहाँले वृद्धि भएको अनुदान रकम मन्त्रालयबाट कार्यविधि आउन ढिलाइ भएका कारण कृषकलाई प्रदान गर्न नसकिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "सरकार परिवर्तनलगायतका कारणबाट मन्त्रालयबाट कार्यविधि स्वीकृत भएर आउन ढिलाइ भयो। यसले गर्दा दूध उत्पादन अनुदानका लागि विनियोजित बजेट आधा मात्र खर्च भयो। यस वर्ष स्वीकृत बजेट पूरै खर्च नभए पनि आगामी वर्षमा कार्यान्वयन हुनेछ।" जिल्लाका दुग्ध उत्पादक कृषकले उत्पादनका आधारमा गत वर्षमा जस्तै चालु वर्षमा समेत प्रदेश सरकारबाट अनुदान रकम प्राप्त गरेका छन्। सबैभन्दा बढी उत्पादन गर्ने कृषकले सरकारबाट प्रोत्साहन बापत अनुदान रकम समेत बढी पाएका हुन्। जिल्लामा कृषक समूह तथा सहकारीका माध्यमबाट दूध बिक्री गर्दै आएका कृषकले सरकारी अनुदानको रकम बुझेका हुन्। दूध उत्पादनमा आधारित प्रोत्साहन सहयोग कार्यक्रमका लागि यस वर्ष आह्वान गरिएकामा २२ समूह सहकारी छनोट भएको र सहकारीका माध्यमबाट कृषकलाई प्रत्यक्ष अनुदान रकम प्रदान गरिएको पाण्डेले बताउनुभयो। उहाँका अनुसार ४० लाख १९ हजार आठ सय ९५ लिटर दूधका लागि सो रकम प्रदान गरिएको हो।

"उत्पादन गरेका आधारमा कृषकलाई सरकारको तर्फबाट प्रोत्साहन रकम प्रदान गर्ने कार्यक्रम कृषकले सर्वाधिक रुचाएका छन्। यसबाट अनुदान रकम दुरुपयोग हुन पाउँदैन। जसले बढी उत्पादन गरेर बिक्री

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

डुबानमा घर तथा शवदाह : लगातारको वर्षासँगै सेती नदीमा आएको बाढीका कारण बिहीबार कास्कीको पोखरा-९ स्थित रामघाटमा डुबानमा परेका घर तथा शवदाह। तस्बिर : ऋषिराम बराल/रासस

अनेसासको केन्द्रीय समितिमा सर्वज्ञ वाग्ले

पोखरापत्र संवाददाता
पोखरा, २७ असार

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) केन्द्रीय समितिको २०२४-२६ का लागि सम्पन्न निर्वाचनमा सर्वज्ञ वाग्ले ८५९ मतसहित अध्यक्षमा निर्वाचित भएका छन्।

अध्यक्षका अर्का प्रत्यासी विमला निरौला ५९५ मतसहित उपविजेता भइन्। समितिको वरिष्ठ उपाध्यक्षमा ९५४ मतसहित लालगोपाल सुवेदी विजयी हुँदा अर्का प्रत्यासी राजेन्द्र श्रेष्ठ ४८८ मतसहित उपविजेता भए। समितिको अमेरिका उपाध्यक्षमा सुदीपभद्र खनाल ८१८ मतसहित विजेता हुँदा प्रत्यासी महेश्वर पन्तले ६२२ मतसहित उपविजेतामा चित्त बुझाउन परेको छ। एसिया उपाध्यक्षमा नेपालबाट सरिता अर्याल ७४९ मतले निर्वाचित हुँदा दिनेशराज ज्ञवाली ६७५ मतसहित उपविजेता भए। सर्वाधिक चासोका साथ हेरिने महासचिवमा राजु सिटौला ८५५ मतसहित विजेता हुँदा कृष्ण गिरीले ५८४ मत प्राप्त गरेका छन्। ७२ घण्टासम्म चलेको अनलाइन मतदानमा २८१९ जना आजीवन सदस्यमध्ये १४७३ मत अर्थात् कुल ५२ प्रतिशत मत खसेको प्रमुख निर्वाचन अधिकृत गुणराज लुइटेलले जानकारी दिए। समितिले यस पटकको निर्वाचनमा नो भोटको समेत व्यवस्था गरेको अधिकृत लुइटेल थप जानकारी दिए।

समितिको युरोप उपाध्यक्षमा डिल्लीराम अम्गाई, ओशिवाना उपाध्यक्षमा हरिप्रसाद अधिकारी, अमेरिका उपाध्यक्षमा गणेश खड्का, जापान सचिवमा रविन शर्मा, कोषाध्यक्षमा तारा अधिकारी र सदस्यमा पुष्पा खनाल, सुमन वर्षा, दीप कार्की, रत्ना लोक्सोम सुब्बा, तारा उप्रेती निर्विरोध निर्वाचित भइसकेको निर्वाचित अधिकृत डा. चूडामणि खनालले जानकारी दिए।

निर्वाचनमा अध्यक्षमा १९, वरिष्ठ उपाध्यक्षमा ३१, अमेरिका उपाध्यक्षमा ३३, एसिया उपाध्यक्षमा ३४ नो भोट परेको निर्वाचन अधिकृत डा कविता घिमिरेले जानकारी दिइन्। यसैगरी, नवनिर्वाचित अध्यक्ष सर्वज्ञ वाग्लेले सम्पूर्ण मतदाताप्रति आभार व्यक्त गर्दै आफूले अनेसासको गौरव र गरिमा बढाउनका लागि गरेका सम्पूर्ण योजनाको सफलता प्राप्तिका लागि सबैसँग हातेमालो गरेर अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरेका छन्।

गण्डकीमा ५० प्रतिशत रोपाइँ

पोखरापत्र संवाददाता
पोखरा, २७ असार

असार तेस्रो सातासम्ममा गण्डकी प्रदेशमा करिब ५० प्रतिशत क्षेत्रफलमा रोपाइँ भएको छ। सबैभन्दा बढी कास्कीमा छ हजार नौ सय ७५ हेक्टर र सबैभन्दा कम गोरखामा चार सय ५६ हेक्टर क्षेत्रफलमा रोपाइँ भएको प्रदेश कृषि विकास निर्देशनालयले जनाएको छ।

निर्देशनालयका प्रमुख वासुदेव रेग्मीका अनुसार यो वर्ष प्रदेशभरिमा करिब ९८ हजार हेक्टर क्षेत्रफलमा धानखेती हुने अनुमान छ। केही दिनयता मनसुन सक्रिय भएकाले किसान रोपाइँमा व्यस्त रहेका छन्। यही असार १५ गते सम्ममा प्रदेशमा १५ प्रतिशत क्षेत्रफलमा रोपाइँ भएकामा त्यसयता बढेर ५० प्रतिशत पुगेको उहाँले जानकारी दिनुभयो। अधिकांश क्षेत्रमा असारभित्रैमा रोपाइँ सकिने प्रमुख रेग्मीले बताउनुभयो। बाह्रैमास सिँचाइ सुविधा भएका र दुई बाली फल्ने खेतमा रोपाइँ छिटो हुने गरेको छ। आकाशे पानीमा निर्भर किसान पनि यतिबेला रोपाइँमा व्यवस्त छन्। यो वर्ष रोपाइँका लागि मलको अभाव नरहेको निर्देशनालले जनाएको छ। प्रदेशको कुल चार लाख ७९ हजार छ सय १७ हेक्टर खेतीयोग्य जमिनमध्ये बर्सेनि एक लाख हेक्टर वरिपरि वर्षे धान लगाइने गरिएको निर्देशनालयका कृषि अधिकृत रञ्जना पोखरेलले जानकारी दिनुभयो। हिमालपारिका जिल्ला मुस्ताङ र मनाङबाहेक प्रदेशका नौ जिल्लामा धानखेती हुँदै आएको उहाँको भनाइ छ। नवलपुर, कास्की, स्याङ्जा, तनहुँलगायत जिल्लामा धानखेतीको क्षेत्रफल बढी छ। धानखेतीका लागि जिल्लामा पकेट क्षेत्र तोकिएको छ। गोरखाको छेवेटार, पालुङटार, आरुघाट, सिरानचोक, लमजुङमा धमिलीकुवा, हर्राबोट, भोर्लेटार, करापुटार, तनहुँको चुँदीफाँट, सत्रसय फाँट, कलेस्तीफाँट, कास्कीको मकैखोला, हाँडीखोला, पामे र लेखनाथ धानको पकेट क्षेत्र हुन्।

पर्वतको फलेबास, जलजला, स्याङ्जाको पुतलीबजार, आँधीखोला, गल्याङ, म्याग्दीको भगवती, पिप्ले, घतान, बागलुङको बडिगाड, गलकोट, जैमिनी र नवलपुरको कावासोती, गैंडाकोटलगायतलाई धानका पकेट क्षेत्र तोकिएको छ। गण्डकीका किसानले सावित्री, रामधान, जेठोबूढो, खुमल, सुक्खा, एक्ले, पहेँले, गौरिया, मनुसली, सुनौलो सुगन्धलगायत जातका धानको खेती गर्दै आएका छन्।

कास्की ...

गर्दछ उसैले अनुदान पनि बढी पाउँछ।" कार्यालय प्रमुख पाण्डेले भन्नुभयो। उत्पादनका आधारमा अनुदान वितरण गर्दा कृषकले व्यवसायमा अझ बढी मेहनत गर्ने गरेको बताइन्छ। कास्कीमा कूल घरधुरी एक लाख २० हजार पाँच सय ७२ रहेकामा पशुपालनमा संलग्न परिवार ५२ हजार तीन सय २३ रहेका छन्। कास्कीमा यहाँको दुग्ध उत्पादनले माग धान्ने अवस्था रहेको छ। उत्पादनका आधारमा सरकारले सहयोग गर्दा उत्पादन वृद्धि गर्न सहयोग पुगेको भेटेरिनरी अस्पतालका प्रमुख पाण्डेले बताउनुभयो।

उहाँले भन्नुभयो, "यसले बढी उत्पादन गर्छ, उसैले बढी अनुदान पाउने प्रोत्साहन कार्यक्रमपछि उत्पादन वृद्धि गरी आयात निरुत्साहित गर्न योगदान पुगेको छ।" भेटेरिनरी अस्पताले चालु आर्थिक वर्षमा पशुमा पूर्णखोप कार्यक्रम, साना व्यावसायिक फार्म स्थापना तथा विस्तार, पाडी बाच्छी हुर्काउन प्रोत्साहन सहयोग, बाँझो जग्गामा घाँस खेती प्रवर्द्धन कार्यक्रम, कृषि ऋणमा ब्याज अनुदान लगायतका मुख्य कार्यक्रम कार्यान्वयन गरेको कार्यालयका पशु विकास अधिकृत सहदेव पौडेलले जानकारी दिनुभयो।

पहिरोमा ज्यान गुमाएका परिवारलाई राहत

पोखरापत्र संवाददाता
स्याङ्जा, २७ असार

जिल्ला प्रशासन कार्यालय स्याङ्जाले पहिरोमा परी मृत्यु भएका मृतकको परिवारलाई राहत रकम हस्तान्तरण गरेको छ। आँधीखोला गाउँपालिका र भीरकोट नगरपालिकामा पहिरोबाट ज्यान गुमाएका परिवारलाई राहत वितरण गरेको हो।

बिरुवा गाउँपालिकामा पहिरोबाट निधन भएका परिवारलाई भने केही दिनमा राहत उपलब्ध गराइने जिल्ला प्रशशासन कार्यालय स्याङ्जाले जनाएको छ। बिपद ब्यवस्थापन समितिका संयोजक एवं सहायक प्रमुख जिल्ला अधिकारी दिपक पौडेलको नेतृत्वमा गएको टोलीले आँधीखोला गाउँपालिका ३ बिचारीचौताराका तुलसीप्रसादका परिवार र भीरकोट ५ ज्यामिरेकी खेमकुमारी मल्लको परिवारलाई राहत रकम समेत उपलब्ध गराएको छ। सप्रजिअ पौडेलले गण्डकी प्रदेश सरकारद्धारा उपलब्ध भएको ५० हजार नगद तुलसीप्रसादका परिवारलाई हस्तान्तरण गरेका छन् भने खेमकुमकारी मल्लको परिवारलाई ८० हजार राहत वितरण गरेका हुन्। स्याङ्जाको आँधीखोला गाउँपालिका ३ बिचारीचौताराका तुलसीप्रसाद पौडेलको २२ गते शनिवार आएको पहिराले बगाउदा मृत्यु भएको थियो। ७२ वर्षीय मल्लको घर माथिबाट आएको पहिरोमा पुरिएर मृत्यु भएको थियो। पुर्ण रुपमा घरगोठ गुमाएका मल्लका छोराबुहारीहरु अहिले आफ्ना दाजुभाईको घरमा बसेर काजकिगिया गरिहेका छन्। विपदमा परी निधन भएकाको परिवारले पाउने रकम साढे दुई लाख मध्येबाट तत्कालका लागि उक्त रकम हस्तान्तरण गरिएको र बाँकी रकम परिवारले प्रक्रियागत रुपमा खाता खोलेपछि खातामा आउने सहायक प्रजिअ पौडेलले बताए। त्यस्तै नेपाल सरकारले घरमा पुर्ण क्षति भएकालाई नयाँ घर निर्माणको लागी विपद व्यवस्थापन कार्यविधि निर्माण गरेर नगरपालिकाको सिफारिसमा किस्ताबन्दीमा अकितम ४ लाख सम्म दिने प्रावधान रहेको उनले बताए। नेपाल रेडक्रस सोसाईटी स्याङ्जाको टोली पनि विपदमा ज्यान गुमाएका परिवारहरुको लागी राहत लिएर पुगिरहेको बताए। रेडक्रसका सभापति दिनेश अर्यालको नेतृत्वमा पुगेको टोलीले विभिन्न सामग्रीहरु सहयोग गर्दै आएको जानकारी दिए। स्याङ्जामा अहिले सम्म बाढी पहिरोमा परेर १० जनाले ज्यान गुमाएका छन् भने दर्जनौ घाइते भएका छन्। असार २१ र २२ गते परेको अविरल बर्षाले जिल्लाका धेरै घरहरु पहिरोको जोखिममा रहेका छन्।

गण्डकी बोर्डिङ प्रिन्सिपलमा डा. विश्वयुधीर

पोखरापत्र संवाददाता
पोखरा, २७ असार

गण्डकी बोर्डिङ स्कुल प्रिन्सिपलमा डा. विश्वयुधीर पौडेल घर्ती नियुक्त भएका छन्।

छनोट उपसमितिको सिफारिसमा बिहीबार बसेको व्यवस्थापन समितिको बैठकले उनलाई नियुक्त गरेको हो। पोखरा विन्ध्यवासिनी निवासी उनी विद्यालयको पूर्व विद्यार्थी समेत हुन्। नदीपुरको पोखरा कलेज अफ म्यानेज्मेन्टका प्रिन्सिपल समेत भइसकेका उनले काठमाडौं विश्वविद्यालयबाट पिएचडी गरेका थिए। यसअघि वीरेन्द्र खड्काको ५ वर्षे कार्यकाल समाप्त भएपछि विद्यालयले गत २० जेठमा खुला प्रतिस्पर्धाबाट प्रिन्सिपल (११औं तह) नियुक्तिका लागि दरखास्त आह्वान गरेको थियो।

जसमा १४ जनाबाट ८ जनाको संक्षिप्त सूची प्रकाशित गरी बुधबार व्यावसायिक कार्ययोजना तथा अवधारणा पत्रको प्रस्तुति र अन्तर्वार्ता लिइएको थियो। प्रिन्सिपलका लागि दरखास्त दिन स्नातकोत्तर तह उत्तीर्ण गरेको, विद्यालय, महाविद्यालय

वा समानस्तरका शिक्षण संस्थामा कम्तीमा १५ वर्षसम्म शैक्षिक र प्रशासकीय अनुभव भएको, अंग्रेजी र नेपाली भाषा लिखित र मौखिक सञ्चार गर्न सक्ने तथा सूचना प्रविधि प्रयोग गर्ने सीप भएको तथा ५५ वर्षभन्दा कम उमेरको हुनुपर्ने लगायत योग्यता तोकिएको थियो। अन्तिम ८ को संक्षिप्त सूचीमा सावित्रीकुमार शर्मा, डा. विश्वयुधीर पौडेल घर्ती, विष्णु लम्साल, राजकुमार ढकाल, नवीन पौडेल, दयाराम गुमान्जु, गोकुल घिमिरे शर्मा र स्थीरबाबु सुवेदी छानिएका थिए। गण्डकी बोर्डिङ यस क्षेत्रकै उत्कृष्ट विद्यालयमध्ये एक हो। जहाँ कक्षा ४ देखि १२ सम्म करिब १२ सय विद्यार्थी पढ्छन्।

विपक्षमा मतदान गर्न कांग्रेसको ह्वीप

रासस
काठमाडौं, १ असार

नेपाली कांग्रेसले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई विश्वासको मत नदिन प्रतिनिधिसभामा प्रतिनिधित्व गरेका आफ्नो दलका सांसदलाई निर्देशन दिएको छ।

प्रधानमन्त्री दाहालले यही असार २८ गते बिहान ११ बजे प्रारम्भ हुने प्रतिनिधिसभाको बैठकमा अनिवार्य उपस्थित हुन, तटस्थ नरहन र प्रधानमन्त्रीले नेपालको संविधानको धारा १०० को उपधारा (२) बमोजिम आफूमाथि प्रतिनिधिसभाको विश्वास छ भन्ने प्रस्तावको विपक्षमा मतदान गर्न पार्टीले ह्वीप जारी गरेको हो। पार्टीका प्रमुख सचेतक रमेश लेखकले उक्त निर्देशन जारी गर्नुभएको हो। नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्षसमेत प्रधानमन्त्री दाहालले १८ महिनामा पाँचौंपटक विश्वासको मत लिन लाग्नुभएको हो। उहाँलाई समर्थन गरेको नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले समर्थन फिर्ता लिएपछि उहाँले नेपालको संविधानको धारा १०० को उपधारा (२) अनुसार विश्वासको मत लिन लाग्नुभएको हो। संसद्को सबैभन्दा ठूलो दल कांग्रेस र दोस्रो ठूलो एमालेले यही असार १७ गते आलोपालो सरकारको नेतृत्व लिनेगरी नयाँ सरकार गठनको सहमति गरेका छन्। यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले प्रधानमन्त्री दाहाललाई विश्वासको मत नदिने निर्णय गरेको छ। सो पार्टीको बिहीबार भएको संसदीय दलको बैठकले प्रधानमन्त्री दाहालले माग्नु भएको विश्वासको मतको विपक्षमा मतदान गर्ने निर्णय भएको सो पार्टीका प्रवक्ता मोहन श्रेष्ठले बताउनुभयो। साथै अशोक राई नेतृत्वको जनता समाजवादी पार्टीले पनि प्रधानमन्त्री दाहालले माग्नुभएको विश्वासको मतको विपक्षमा मतदान गर्ने निर्णय गरेको छ। सो पार्टीको आजको संसदीय दलको बैठकपछि जारी विज्ञप्तिमा भनिएको छ "प्रधानमन्त्री दाहालबाट संविधानका धारा १०० को उपधारा (२) बमोजिम आफूमाथि प्रतिनिधिसभाको विश्वास छ प्रस्तुत प्रस्तावको विपक्षमा मतदान गर्ने निर्णय गरिएको छ।"

कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरू :
- शरिरको एक हर नचल्ने।
- मुख बाङ्गो भएको।
- खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
- हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

- **पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।
- **महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
- **सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
- **मलद्वार सम्बन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ ।

- विदुरनीति

सम्पादकीय

फाटो ल्याउने खेल नखेल

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पाँचौ पटक विश्वासको मत नपाउने लगभग निश्चित देखिएको छ ।राष्ट्रिय स्वतन्त्र पार्टी बाहेकका दलहरूले आफ्नो संसदीय दलको बैठक बसेर विश्वासको मतसम्बन्धी निर्णय गरिसकेका छन । संसदका दुई ठूला दल नेपाली काङ्ग्रेस र नेकपा एमाले मिलेर सहमतिको सरकार बनाउने निर्णयपछि प्रचण्डको सरकार अल्पमतमा परिसकेको छापहिलोपटक विश्वासको मत लिंदा झण्डै शतप्रतिशत समर्थन पाएको प्रचण्ड सरकारलाई नेकपा एकीकृत समाजवादीले मत दिने निर्णय गरेको छारास्वपाले मत दिने संकेत गरेको छ । प्रधानमन्त्री प्रचण्डले शुक्रबार विश्वासको मत लिँदै छन् । दलहरूको निर्णय हेर्दा प्रधानमन्त्री प्रचण्ड स्पष्ट अल्पमतमा छन् । शुक्रबार बिहान ११ बजेसम्म कुनै राजनीतिक उथलपुथल नभए प्रधानमन्त्री प्रचण्डले सरकारी निवास बालुवाटार छाड्नुपर्ने स्पष्ट छ। स्वतन्त्रबाहेक राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले मात्र संसदीय दलको बैठक राखेर आधिकारिक निर्णय गर्न बाँकी छ । तर, दलका नेताहरूका अनुसार रास्वपा प्रधानमन्त्री प्रचण्डकै पक्षमा उभिने तयारीमा छ ।

अहिलेसम्मको हिसाब हेर्दा प्रधानमन्त्री प्रचण्डलाई उनकै दल नेकपा (माओवादी केन्द्र)बाट ३२, नेकपा (एकीकृत समाजवादी)बाट १० मत आउनेछ। यी दुवैको संसदीय दलको बैठक बसेर निर्णय गरिसकेको छ । प्रधानमन्त्री प्रचण्डलाई रास्वपाले २१ मत दिए भने उनको पक्षमा ६३ मत आउने देखिन्छ। यद्यपि, उसले निर्णय भने गरिसकेको छैन । शुक्रबार बिहान ९ बजेका लागि संसदीय दलको बैठक बोलाइएको छ। यता, स्वतन्त्र सांसद र राष्ट्रिय जनमोर्चाले कता मत दिन्छन् भन्ने निर्णयमा पुगेका छैनन् । नेपाल मजदुर किसान पार्टी भने तटस्थ बस्दै आएको छ। यदि यी सबैले प्रधानमन्त्री प्रचण्डलाई मत दिए भने पनि पक्षमा ६८ मतमात्र पुग्नेछ। प्रतिनिधिसभामा प्रधानमन्त्री प्रचण्डले आफ्नो सरकार टिकाउने भए १३८ मत जुटाउन आवश्यक हुन्छ । तर, दलहरूले गरेका हालसम्मका निर्णयअनुसार यो सम्भावना कमै देखिन्छ ।

प्रधानमन्त्री प्रचण्डको विपक्षमा संसद् पहिलो, दोस्रो, पाँचौं, सातौंलगायत दल उभिने स्पष्ट छ । पहिलो ठूलो दल नेपाली कांग्रेसले विपक्षमा मत हाल्न ह्वीप नै जारी गरेको छ। कांग्रेससँग ८८ सांसद छन् । यस्तै, दोस्रो ठूलो दल नेकपा (एमाले) पनि पक्षमा मत नहाल्ने बताइसकेको छ। एमालेसँग ७९ सांसद छन् । जसमा सभामुख देवराज घिमिरे र निलम्बित सांसद टोपबहादुर रायमाझीको संख्या घटाउँदा ७७ हुन आउँछ। यस्तै, संसद्को पाँचौं ठूलो दल राष्ट्रिय प्रजातन्त्र पार्टीसँग १४ सिट छ । उसले पनि प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत नदिने निर्णय गरिसकेको छ। यता, प्रधानमन्त्री प्रचण्ड आफैंले फुटाइदिएको दल जनता समाजवादी पार्टीसँग सात सिट छ। उपेन्द्र यादव नेतृत्वको दल जनता समाजवादी पार्टी नेपालसँग पाँच सिट खबाँकी छ। यी दुवै दलले प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत नदिने निर्णय गरिसकेको छ।

प्रचण्डको विपक्षमा उभिने अर्को दल हो जनमत पार्टी । उसको ६ सांसद छन्। मधेस सरकारमा कांग्रेस-एमालेले आफ्नो मुख्यमन्त्री जोगाइदिएकाले जनमत पनि नयाँ बन्ने गठबन्धनमा सामेल हुने प्रवक्ता शरदसिंह यादवले जानकारी दिएका छन् । यस्तै, समान चार सिट भएको नागरिक उन्मुक्ति चार र लोक तान्त्रिक समाजवादी पार्टी पनि प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिने पक्षमा छैन । प्रतिनिधिसभाको स्पष्ट तस्बिर देखिँदा विश्वासको मत लिन्छु भन्नू दलहरूबीच खेल्ने चाल हो। काङ्ग्रेस र एमालेबीचमा तत्कालै फाटो आउने अवस्था नदेखिदा सदनमा आफ्ना भनाइ राखेर राजीनामा दिनु प्रचण्ड र माओवादीका लागि उत्तम हुनेछ ।

तपाईको आज

मेष	: स्वास्थ्यमा सुधार	तुला	: शारीरिक झमेला
वृष	: सहयोग मिल्नेछ	वृश्चिक	: ब्यापारमा लाभ
मिथुन	: अप्रत्यसित लाभ	धनु	: शत्रुको भय
कर्कट	: सत्कार मिल्नेछ	मकर	: झमेला बढ्ने
सिंह	: आर्थिक समस्या	कुम्भ	: कार्यमा सफलता
कन्या	: मानसिक तनाब	मीन	: शुभ यात्रा

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

बाढीपहिरोबाट देशभर १३२ सडक प्रभावित

रासस
काठमाडौं, २७ असार

बाढीपहिरोका कारण देशभर एक सय ३२ सडकखण्डको यातायात सेवा प्रभावित भएको छ । सडक विभागको तथ्याङ्कअनुसार आज १३ सडकखण्ड पूर्णरुपमा तथा एक सय १९ सडकखण्ड एकतर्फी रुपमा सञ्चालनमा आएका छन् ।

विभागका प्रवक्ता सुनिल पोखरेलका अनुसार बिपी राजमार्ग, पृथ्वी राजमार्ग, पुष्पलाल (मध्य पहाडी) राजमार्गलगायत एक सय १९ सडकखण्डमा एकतर्फी रुपमा यातायत सेवा सञ्चालन भएको छ । डुम्रे-बैंसीसहर-चामे, विराटनगर-इटरी धरान, तानसेन-रिडी-कोरालालगायत सडकखण्ड पूर्णरुपमा अवरुद्ध छन् । जल तथा मौसम विज्ञान विभागले आगामी शनिबारसम्म मुलुकभर वर्षाको सम्भावना रहेकाले बाढीपहिरोको उच्च जोखिम रहेको जनाएको छ ।

विभागका अनुसार हाल मनसुन न्यून चापीय रेखा पश्चिममा सरदर स्थानको आसपास र पूर्वमा सरदर स्थानभन्दा उत्तरतर्फ (नेपालको दक्षिण भूभाग/सिमाना आसपास) रहेको तथा उक्त रेखा अझ नेपालतर्फ सरेकाले आजदेखि नेपाल आसपास क्षेत्रको उपल्लो वायुमण्डलमा पश्चिमी न्यून चापीय प्रणाली विकसित भएको छ । यी दुबै प्रणालीको प्रभावले शनिबारसम्म नै नेपालमा मनसुन सक्रिय हुने सम्भावना छ ।

देशभर साधारणतया ण्बदली रही कोशी प्रदेश, मधेश प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका अधिकांश स्थानमा तथा कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका धेरै स्थानमा हल्कादेखिमध्यमवर्षाकोसम्भावना रहेको विभागले जनाएको छ ।

साथै सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेशका एक-दुई स्थानमा भारी वर्षा तथा कोशी प्रदेश, मधेश प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका केही स्थानमा समेत भारी वर्षाको सम्भावना छ।

भू-क्षय, पहिरो तथा गेग्रानको जोखिम रहेको, सहरी तथा तराई क्षेत्रमा डुवानको जोखिम रहेको, ठूला तथा साना नदीनाला र खोलामा पानीको सतह बढ्नसक्ने भन्दै सतर्कता अपनाउन प्रवक्ता पोखरेलले आग्रह गर्नुभएको छ । दैनिक जनजीवन, कृषि, स्वास्थ्य, पर्यटन, सडक तथा हवाई यातायातसमेत प्रभावित हुनसक्ने भएकाले आवश्यक सतर्कता तथा पूर्व तयारी अपनाउन विभागले अनुरोध गरेको छ ।

रकम सङ्कलन गरी पदमार्गमा पूर्वाधार निर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, २७ असार

जिल्लाको अन्नपूर्ण गाउँपालिका-४ मा रहेको मौरिस हर्गोज पदमार्गमा दाताको सहयोगमा रकम सङ्कलन गरी पूर्वाधार निर्माण गरिएको छ । रघुगङ्गा गाउँपालिका-१ बेगकी ललिता शेरपुञ्जाले दातासँग सहयोग जुटाएर पदमार्गको सङ्धीखर्कमा दुईकोठे सार्वजनिक शौचालय, खानेपानीलगायत पूर्वाधार निर्माण गर्नुभएको हो ।

"केही समयअघि मौरिस हर्गोज पदमार्ग भएर अन्नपूर्ण आधार शिविरको पदयात्रामा जाँदा सार्वजनिक शौचालय, खानेपानी र फोहर व्यवस्थापनको आवश्यकता महसुस गरेकी थिएँ", ललिताले भन्नुभयो, "शौचालय बनाउन सामाजिक सञ्जालमार्फत गरेको आग्रहमा दाताहरूले सहयोग गर्नुभयो र बर्खायाम भए पनि निर्माण गर्न सफल भयौँ ।" अध्ययनका लागि अष्ट्रेलियामा जानुभएकी शेरपुञ्जा अहिले स्वदेश फर्किनुभएको छ । शौचालय निर्माणलगायत पूर्वाधार निर्माण गर्न पदमार्गका अभियन्ता तेज गुरुङ र नारच्याङका तम चोचाङ्गी पुनलाई शेरपुञ्जाले रु चार लाख ६० हजार पठाउनुभएको थियो । ललिताको शौचालय अभियानमा अन्य दाताहरूले पनि सहयोग गर्नुभएको थियो ।

शेरपुञ्जाले पठाएको रकमबाट १५ दिनसम्म आठजना मजदुर परिचालन र निर्माण सामग्री खरिद, ढुवानी गरी शौचालय, खानेपानी आपूर्ति र फोहर व्यवस्थापन गर्ने खाडल बनाएको चोचाङ्गीले बताउनुभयो ।

सार्वजनिक शौचालयको अभावमा पर्यटक, स्थानीयवासी र पर्यटक मजदुरलाई असहज भएको थियो । वातावरण प्रदूषण घटाउन, सरसफाइ कायम र पर्यटकको सुविधाका लागि सार्वजनिक शौचालय बनाइएको ललिताले बताउनुभयो ।

आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण प्रथम हिमालको पहिलो आरोहण दलको नेतृत्व गरेका फ्रान्सका मौरिस हर्गोजको सम्मानमा नारच्याङबाट आधार शिविर जोड्ने पदमार्गको नामकरण गरिएको छ । अन्नपूर्ण आठ हजार मिटरभन्दा अग्लो पहिलोपटक मानव पाइला परेको हिमाल भएकाले यसले मुलुकको आरोहण पर्यटनमा महत्व छ। सन् १९५० जुन ३ गते अन्नपूर्णको सफल आरोहण भएको थियो ।

प्रथम आरोही मौरिसको पाइला पछ्याउँदै नारच्याङका तेज गुरुङको अगुवाइमा विसं २०६८ मा पहिचान भएको पदमार्ग २०७७ सालदेखि सञ्चालन भएको थियो । नारच्याङबाट २० किलोमिटर टाढा हुमखोलासम्म निलगिरि खोला जलविद्युत् आयोजनाको पहुँचमार्ग पर्दछ। हुमखोलाबाट आधार शिविर जोड्ने २२ किमी लामो पदमार्ग, खोलाहरूमा झोलुङ्गे पुल, आश्रयस्थल निर्माण गरिएको छ । एकै दिनको पैदलयात्रामा आधार शिविर पुग्न सकिने भएकाले पर्यटकको आकर्षण बढेको अभियन्ता गुरुङले बताउनुभयो ।

सङ्धीखर्क, धरमढुङ्गा, भुसकेट, गुफाफाँट, हुमखोला र छोटेपामा सातवटा आश्रयस्थल निर्माण भएका छन् । होटल तथा लजको सुविधा नभएको यो पदमार्गमा क्याम्पिङ गर्न खानेबस्ने सामग्री लिएर जानुपर्छ ।

अन्नपूर्ण र निलगिरि हिमालको फेदीबाट बग्ने मिस्त्रीखोलाको किनारै किनार, अग्ला झरना, मनमोहक हिमशृङ्खला, अनौठो भूगोल, पहाड, दुर्लभ वनस्पति, वन्यजन्तुको अवलोकन गर्दै आधार शिविर पुग्न सकिन्छ। अन्नपूर्ण फेदीमा करिब २० हजार वर्गमिटर क्षेत्रफलमा फैलिएको मनोरम पञ्चकुण्ड ताल यहाँको थप आकर्षणको रूपमा रहेको छ।

अन्नपूर्ण आधार शिविर र मौरिस हर्जोग पदमार्गमा खानेपानी, आश्रयस्थल, सञ्चार, विद्युत्, पदमार्गलगायत पूर्वाधार निर्माण र प्रचारप्रसारका लागि एकीकृत गुरुयोजनाको मस्यौदा तयार पारिएको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले जानकारी दिनुभयो । आधारभूत स्तरको पूर्वाधार बनेको पदमार्गमा पर्यटक भित्र्याउन प्रचारप्रसार र प्रवर्द्धनात्मक क्रियाकलापलाई पनि जोड दिइएको उहाँले बताउनुभयो ।

दसौँ राष्ट्रिय खेलकुदको तयारी तीव

रासस
काठमाडौं, २७ असार

राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्य-सचिव टंकलाल घिसिङले कर्णाली प्रदेशमा हुने १०औँ राष्ट्रिय खेलकुदमा ३५ खेलमा चार सय १९ स्पर्धा प्रस्ताव गर्नुभएको छ।

राखेपका उपाध्यक्ष शिव कोइरालाको प्रमुख आतिथ्यता तथा सदस्य-सचिव घिसिङको अध्यक्षतामा बिहीबार भएको १०औँ राष्ट्रिय खेलकुद तथा प्रथम पारा राष्ट्रिय खेलकुदका सन्दर्भमा बसेको बैठकमा उक्त प्रस्ताव गरिएको हो ।

सदस्य-सचिव घिसिङले नवौँ राष्ट्रिय खेलकुदमा समावेश भएका ३६ खेलमध्ये प्याराग्लाइडिङबाहेक ३५ खेल प्रस्ताव गर्नुभयो। राखेपले १०औँ राष्ट्रिय खेलकुद आगामी मङ्सिर २ देखि ९ गतेलाई प्रस्ताव गरिसकेको छ। त्यसअघि विभिन्न छ खेलको प्रतियोगिता कात्तिक २७ गतेदेखि सुरु गर्ने प्रस्ताव गरिएको छ ।

महिला फुटबल, उसु, पुरुष/महिला बास्केटबल, जुडो, पुरुष/महिला हक्की र तेक्वान्दोलाई १०औँ राष्ट्रिय खेलकुदको औपचारिक उद्घाटनअगावै गर्ने प्रस्ताव गरिएको हो । निर्णायक संख्या एक हजार चार सय ९९ प्रस्ताव गरिएको छ ।

बैठकमा सदस्य-सचिव घिसिङले १०औँ राष्ट्रिय खेलकुदका लागि नेपाल सरकारबाट रु ६० करोड बजेट सुनिश्चित भइसकेको जानकारी गराउनुहुँदै कर्णाली प्रदेश खेलकुद विकास परिषद्लाई तयारी अगाडि बढाउन बजेट उपलब्ध गराउने जानकारी दिनुभयो ।

उहाँले बृहत् राष्ट्रिय खेलकुद देशकै ठूलो खेलकुदका रुपमा रहेको हुँदा समयमै आयोजनाको विकल्प नभएको बताउनुभयो । उहाँले १०औँ राष्ट्रिय खेलकुदलाई सफलतापूर्वक सम्पन्न गर्न सरोकारवाला सबै जिम्मेवार र गम्भीर हुनुपर्नेमा जोड दिनुभयो ।

सदस्य-सचिव घिसिङले १०औँ राष्ट्रिय खेलकुद समयमै आयोजना गर्न परिषद् तयार रहेको बताउँदै खेलकुदलाई व्यावसायिक बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले लोगो र मस्कटको छनोट भइसकेको अवगत गराउनुभयो। खेल पोशाकको व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित प्रदेशलाई दिनेगरी तयार थालिएको उहाँको भनाइ थियो ।

सदस्य-सचिव घिसिङले अन्तर्राष्ट्रिय प्रचलनअनुसार १० औँ राष्ट्रिय खेलकुद सकिएलगत्तै नेपालमा पहिलोपटक कर्णालीमै पारा खेलकुद आयोजना गर्न लागिएको जानकारी दिँदै प्रस्तावित बुँदामा यथाशीघ्र सुझाव उपलब्ध गराउन आग्रह गर्नुभयो।

राखेपका उपाध्यक्ष शिव कोइरालाले बैठकका दौरानमा खेलकुद सञ्चालन निर्देशिका संशोधनका विषयमा प्राप्त सुझावलाई सम्बोधन गरिने बताउनुभयो ।

कर्णाली प्रदेश खेलकुद विकास परिषद्का सदस्य-सचिव विश्वामित्र सञ्ज्यालले आवासको व्यवस्थापन कारण कर्णाली प्रदेशको पाँच जिल्लामा २२ देखि २४ खेल मात्र गर्न सकिने भएकाले बाँकी खेलका विषय चाँडै टुङ्गो लगाउनुपर्ने बताउनुभयो ।

बैठकमा सहभागी प्रदेश खेलकुदका सदस्य सचिवहरुले गाउँपालिकादेखि खेलाडी छनोट हुनुपर्ने, एक खेलमा कम्तीमा पाँच टिम सहभागी हुनुपर्ने, बजेट समयमा निकासा हुनु पर्नेलगायतका विषयमा धारणा राख्नुभएको थियो ।

पाडाबाच्छी हुर्काउने किसानलाई ६० लाख अनुदान

पोखरापत्र संवाददाता
दमौली, २७ असार

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तनहुँले पाडाबाच्छी हुर्काउने तीन सय २७ किसानलाई रु ६० लाख ४० हजार अनुदान उपलब्ध गराएको छ। कार्यालयले चालु आर्थिक वर्ष २०८०/८१ मा तीन सय २७ कृषकलाई छ सय चार पाडाबाच्छी हुर्काएवापत सो रकम उपलब्ध गराएको हो ।

प्रति पाडाबाच्छी रु १० हजारका दरले किसानलाई अनुदान दिइएको केन्द्रका प्रमुख डा राजेश चौधरीले जानकारी दिनुभयो । कृत्रिम गर्भाधानबाट जन्मिएका उन्नत नश्लका पाडाबाच्छी हुर्काउन प्रोत्साहनस्वरुप अनुदानको कार्यक्रम सञ्चालन गरिएको चौधरीले बताउनुभयो। कार्यक्रमका लागि रु ७० लाख बजेट भएपनि ८६ दशमलव २९ प्रतिशत मात्रै प्रगति भएको उहाँको भनाइ छ ।

तीन सय ३१ कृषकबाट छ सय १८ पाडाबाच्छीको प्रस्ताव आएपनि तीन सय २७ कृषकका छ सय चार पाडाबाच्छीलाई मापदण्डका आधारमा अनुदान उपलब्ध गराइएको चौधरीले बताउनुभयो ।

गत वर्ष एक सय ६० जना किसानलाई जनही रु १० हजारका दरले रु १६ लाख वितरण गरिएपनि यस वर्ष यो कार्यक्रममा कृषकको आकर्षण बढेको चौधरीले उल्लेख गर्नुभयो । डा चौधरीका अनुसार जन्मिएको दर्ता गरी हुर्किएको देखाएपछि किसानले अनुदान पाउने व्यवस्था गरिएको छ । गण्डकी प्रदेश सरकारले उन्नत जातका भैंसी तथा गाईमा आत्मनिर्भर बन्न पाडापाडी तथा बाच्छाबाच्छी संरक्षण गर्ने कार्यक्रम अगाडि बढाएको थियो।

नेपालमा अभाव हुने गरेकाले मुर्रा भैंसी र जर्सी गाई भारतबाट आयात गर्नुपर्ने बाध्यता रहेको छ । केन्द्रका प्रमुख डा चौधरीले भन्नुभयो, "अनुदान पाएपछि किसानले हुर्काउँछन्, यसले दीर्घकालीनरूपमा परनिर्भरता हटाउन सहयोग पुग्ने विश्वास गरिएको छ।"

केन्द्रका अनुसार व्यास नगरपालिकाका एक सय सात कृषकका दुई सय आठ, शुक्लागण्डकी नगरपालिकाका तीन किसानका आठ, भानु नगरपालिकाका २८ किसानका ४५, आँबुखैरेनी गाउँपालिकाका ५० किसानका ८४, बन्दीपुर गाउँपालिकाका एक सय पाँच किसानका दुई सय २१, म्याग्दे गाउँपालिकाका २१ किसानका २५, ऋषिङ गाउँपालिकाका एक किसानका एक र देवघाट गाउँपालिकाका १२ किसानका १२ पाडाबाच्छीलाई प्रोत्साहन स्वरुप अनुदान दिइएको छ ।

कागबेनीमा बाढी नियन्त्रण गर्न पक्की पर्खाल निर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, २७ असार

बाढीले तहसनहस बनाएको मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-४ कागबेनीका नदी नियन्त्रणका लागि पक्की पर्खाल निर्माण भएको छ ।

विसं २०८० साउन २८ गते कागखोलामा आएको बाढीले कागबेनीमा सडक, मोटरेबल पुल, झोलुङ्गे पुल, गुम्बा, मन्दिर धर्मशाला, सामुदायिक भवन, प्रहरीचौकीको भवन, तटबन्धनलगायत १४ सार्वजनिक भौकि संरचना र व्यक्तिका ५० वटा घरमा क्षति पुगेको थियो ।

भू-तथा जलाधार संरक्षण कार्यालय पर्वतले कागखोलाको बाढी नियन्त्रणका लागि किनारामा पक्की पर्खाल निर्माण गरेको हो। कार्यालयका प्रमुख वरिष्ठ भू- तथा जलाधार संरक्षण अधिकृत दिवाकर पौडेलले रु ३३ लाख ४० हजारको बजेटमा कागखोलाको किनारमा ५१ मिटर पक्की पर्खाल निर्माण भएको जानकारी दिनुभयो।

"गण्डकी प्रदेश सरकारले रु ३५ लाख बजेट विनियोजन गरेको कागबेनी नदी नियन्त्रण योजनाको प्राविधिक नापजाँच गर्दा रु एक लाख ६० हजार कम भुक्तानी भएको छ", उहाँले भन्नुभयो, "१.८ मिटर फराकिलो जग भएको चार मिटर अग्लो पर्खालको माथिल्लो भाग ५५ सेन्टिमिटर चौडाइको छ ।"

सो पर्खालले कागबेनीको छोप्तेन गुम्बा र बस्तीमा बाढी नियन्त्रणका लागि सहयोग पुगेको उपभोक्ता समितिका अध्यक्ष ख्याम्चो गुरुङले बताउनुभयो । गाउँपालिका, समुदाय, सुरक्षा निकाय र दाताको श्रम तथा रु एक करोड बढी आर्थिक सहयोग जुटाएर बाढी व्यवस्थापन गरी कागबेनीलाई पुरानै लयमा फर्काउने प्रयास गरेका छन् ।

बाढीले कटान गरेर बस्तीमा पसेको कागखोलालाई पुरानै धारमा फर्काएर बगाइएको छ । अस्थायी पुल बनाएर आवतजावतको व्यवस्था मिलाइएको छ । बाढी पन्छाएर श्रद्धास्थल पनि बनाएका छन् ।

नदी नियन्त्रणका लागि थप पक्की पर्खाल निर्माण गर्न आवश्यक रहेको, प्रदेश र सङ्घीय सरकारसँग पहल गरिएको बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष रिनजिन गुरुङले बताउनुभयो ।

अठार महिनामा पाँचौँपटक विश्वासको मत लिँदै प्रधानमन्त्री

भीष्मराज ओझा
काठमाडौं, २७ असार /रासस

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रतिनिधिसभा बैठकमा भोलि विश्वासको मत लिँदै हुनुहुन्छ । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री दाहालले १८ महिनामा पाँचौँपटक विश्वासको मत लिन लाग्नुभएको हो ।

पछिल्लोपटक उहाँलाई समर्थन गरेको दल नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले समर्थन फिर्ता लिएपछि भोलि असार २८ गते बस्ने प्रतिनिधिसभा बैठकमा उहाँले नेपालको संविधानको धारा १०० को उपधारा (२) अनुसार विश्वासको मत लिन लाग्नुभएको हो । प्रधानमन्त्री दाहालले असार २८ गतेको प्रतिनिधिसभा बैठकको कार्यसूचीमा विश्वासको मतसम्बन्धी प्रस्ताव समावेश गर्ने व्यवस्थाका लागि सङ्घीय संसद्लाई लिखित आग्रह गरिसक्नुभएको छ ।

संसद्को सबैभन्दा ठूलो दल नेपाली कांग्रेस र एमालेले यही असार १७ गते राति नयाँ सत्ता समीकरणका लागि सहमति गरेका थिए । दुवै ठूला दलले आलोपालो सरकारको नेतृत्व लिनेगरी सरकार गठनको सहमति र निर्णय गरेका छन् ।

विसं २०७९ मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभाको निर्वाचनपछि संसद्मा तेस्रो ठूलो दल बनेको नेकपा (माओवादी केन्द्र)का अध्यक्ष दाहाल २०७९ साल पुस ११ गते तेस्रो कार्यकालका लागि प्रधानमन्त्रीमा नियुक्त हुनुभएको थियो । एमालेसहित एक सय ६९ सांसदको समर्थनमा अध्यक्ष दाहाल प्रधानमन्त्रीमा नियुक्त हुनुभएको थियो ।

प्रधानमन्त्री नियुक्त भएको १५ दिनपछि उहाँले पहिलोपटक २०७९ पुस २६ गते प्रतिनिधिसभाको जम्मा दुई सय ७० जना सांसदमध्ये दुई सय ६८ जनाको मत प्राप्त गर्नुभएको थियो । दुईजना सांसदले विपक्षमा मतदान गर्नुभएको थियो ।

त्यसको झण्डै साढे दुई महिनापछि एमालेलगायतका दलले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि प्रधानमन्त्री दाहालले २०७९ साल चैत ६ गते दोस्रोपटक विश्वासको मत लिनुभएको थियो । त्यसबेला उहाँलाई प्रतिनिधिसभा बैठकमा उपस्थित दुई सय ६२ सांसदमध्ये कांग्रेससहित एक सय ७२ जनाले विश्वासको मत दिनुभएको थियो भने विपक्षमा ८९ सांसदको मत परेको थियो । एकजना सांसदको तटस्थ मत रहेको थियो ।

प्रधानमन्त्री दाहालले २०८० साल फागुन ३० गते कांग्रेससँगको गठबन्धन तोडेर एमालेसहितको गठबन्धन बनाएपछि तेस्रोपटक विश्वासको मत लिनुभएको थियो । त्यसबेला प्रतिनिधिसभा बैठकमा सहभागी दुई सय ६८ सांसदमध्ये एक सय ५७ जनाले उहाँको पक्षमा मतदान गर्नुभएको थियो । कांग्रेससहित एक सय १० सांसदले भने विपक्षमा मतदान गर्नुभएको थियो । एक मत तटस्थमा परेको थियो ।

त्यसपछि जनता समाजवादी पार्टी नेपाल विभाजन भएसँगै सो पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि प्रधानमन्त्री दाहालले २०८१ साल जेठ ७ गते कांग्रेसलगायत विपक्षी दलको संसद् बैठक अवरोधबीच चौथोपटक विश्वासको मत लिनुभएको थियो । त्यसबेला उहाँको पक्षमा एक सय ५७ सांसदले मत दिनुभएको थियो भने एकजना सांसदले तटस्थ मत जाहेर गर्नुभएको थियो ।

संविधानको धारा १०० को उपधारा (२) बमोजिम प्रधानमन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजित भएमा वा सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएमा ३० दिनभित्र प्रधानमन्त्रीले विश्वासको मतका लागि प्रतिनिधिसभासमक्ष प्रस्ताव राख्नुपर्ने व्यवस्था छ । सोही धाराको उपधारा (३) मा उपधारा (१) र (२) बमोजिम पेस भएको प्रस्ताव प्रतिनिधिसभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य सङ्ख्याको बहुमतबाट पारित हुन नसकेमा प्रधानमन्त्री आफ्नो पदबाट मुक्त हुने व्यवस्था छ । संविधानअनुसार हालको प्रतिनिधिसभा प्रत्यक्ष निर्वाचित एक सय ६५ र समानुपातिकतर्फ एक सय १० गरी कुल दुई सय ७५ सदस्यीय रहेको छ ।

विसं २०७९ मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभाको दुई सय ७५ सिटका लागि भएको निर्वाचनमा कांग्रेसले ८९, एमालेले ७८, माओवादी केन्द्रले ३२, राष्ट्रिय स्वतन्त्र पार्टीले २०, राष्ट्रिय प्रजातन्त्र पार्टीले १४, जनता समाजवादी पार्टीले १२, नेकपा (एकीकृत समाजवादी)ले १०, जनमत पार्टीले छ, स्वतन्त्र पाँचजना, लोकतान्त्रिक समाजवादी पार्टीले चार, नागरिक उन्मुक्ति पार्टीले तीन, नेपाल मजदुर किसान पार्टी र राष्ट्रिय जनमोर्चा एक-एक सिटमा विजयी भएका थिए ।

नेपालको संविधान जारीपछि पनि भएन राजनीतिक स्थिरता

मुलुकमा गणतन्त्र स्थापनापछि राजनीतिक स्थिरता, सुशासन र समृद्धि हुने अपेक्षासहित संविधानसभाबाट नेपालको संविधान विसं २०७२ असोज ३ गते जारी भएको थियो । संविधानमा राजनीतिक स्थिरताका लागि विभिन्न प्रावधान राखियो पनि । तर संविधान जारी भएको आठ वर्षमै सात प्रधानमन्त्रीले पद सम्हाल्नुभयो भने दर्जनौँपटक मन्त्रिपरिषद् हेरफेर भएको छ ।

संविधानको धारा १०० को उपधारा (४) मा प्रतिनिधिसभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूमध्ये एक चौथाइ सदस्यले प्रधानमन्त्रीमाथि सदनको विश्वास छैन भनी लिखित रूपमा अविश्वासको प्रस्ताव पेस गर्न सकिने व्यवस्था छ ।

सोही उपधारामा प्रधानमन्त्री नियुक्त भएको पहिलो दुई वर्षसम्म र एकपटक राखेको अविश्वासको प्रस्ताव असफल भएको एक वर्षभित्र अविश्वासको प्रस्ताव पेस गर्न सकिने छैन भनी उल्लेख छ । उक्त व्यवस्था राजनीतिक स्थिरताका लागि राखिए पनि गणतन्त्र स्थापनापछि संसद् मा कुनै पनि दलको एकल बहुमत नहुँदा पूरा कार्यकालसम्म सरकार चलाउन सकेका छैनन् ।

विसं २०७२ मा संविधान जारी गर्दा कांग्रेसका सभापति सुशील कोइराला प्रधानमन्त्री हुनुहुन्थ्यो । त्यसयता एमाले अध्यक्ष केपी शर्मा ओली, कांग्रेस सभापति शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' दुई-दुईपटक प्रधानमन्त्री भइसक्नुभएको छ ।

पहिरोले घर पुरिँदा मृत्यु

पोखरापत्र संवाददाता
बागलुङ, २७ असार

वर्षाका कारण पहिरोले घर पुरिँदा बागलुङमा एक जनाको मृत्यु भएको छ । बागलुङ नगरपालिका-७ तितौरेमा गए राति पहिरोमा घर पुरिएर ५५ वर्षीया खिलकुमारी शर्माको मृत्यु भएको हो ।

शर्मा घरमा एक्लै बस्दै आउनुभएको बागलुङ-७ का वडाध्यक्ष मेघनाथ गैरेले जानकारी दिनुभयो । बिहीबार बिहान छिमेकीले थाहा पाएपछि प्रहरी र जनप्रतिनिधिलाई खबर गरेका थिए । भारी वर्षाको कारण राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्ग अवरुद्ध भएको छ । लोकमार्गको काठेखोला गाउँपालिका-६ बयलडाँडामा पहिरो खस्दा लोकमार्ग अवरुद्ध भएको हो ।

पूर्वी रुकुम, पश्चिम रुकुम, जाजरकोटसहित विभिन्न स्थानमा सञ्चालन हुने यातायात ठप्प हुँदा यात्रु अलपत्र परेको जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक विजय यादवले जानकारी दिनुभयो ।

त्यस्तै बुधबार साँझदेखि परेको पानीले बागलुङ बजार जलमग्न भएको छ। लोकमार्गदेखि आएको भलले बागलुङ बजार जलमग्न भएको छ । बजारको सडक ठाउँठाउँमा भत्किनुका साथै व्यापारीका पसलमा भल बस्दा लाखौँको क्षति भएको बताइएको छ । यसैबीच बागलुङ बजारको डम्पिङसाइटको पर्खाल भत्किँदा कालीगण्डकी कोरिडोर दुर्गन्धित बनेको छ । अविरल वर्षाका कारण बागलुङ-१ स्थित काठेखोला तिरमा रहेको पहिरोको पर्खाल भत्किँदा फोहोरले कोरिडोर पुरिएको हो । कोरिडोर पुरिएपछि मेसिन लगाएर फोहोर हटाए पनि यात्रा असहज बनेको छ । फोहोरको डङ्गुरले भरिएपछि थेग्न नसक्दा पखाल भत्किएको हो । पर्खाल भत्किँदा फोहोरको थुप्रो काठेखोलामा पुगेको छ । सडकमा भएको फोहोरलाई डोजरले हटाएको थियो । जिल्लाको दक्षिण क्षेत्रको मुख्य नाकासँग चीन र भारत जोड्ने सडकका रुपमा रहेको कोरिडोर फोहोरको दुर्गन्धले गर्दा यात्रु नाक छोपेर हिँड्न बाध्य छन् । बागलुङ बजारको फोहोरलाई अन्तै व्यवस्थापन गर्नुपर्ने आवाज उठ्दै आए पनि सुनुवाइ भएको छैन् । सडक दुर्गन्धित हुँदा यात्रु बिरामीसमेत पर्ने गाडी चालक वीरबहादुर पुनले बताउनुभयो । दैनिक यो सडक भएर हजारौँ यात्रु ओहोरदोहोर गर्ने भन्दै नगरपालिकाले नागरिकको स्वास्थ्यमाथि खेलवाड गरेको उहाँको भनाइ छ।उहाँले भन्नुभयो, "पर्खाल हुँदा फोहोरको दुर्गन्ध कम आउँथ्यो, यात्रुले नाक मुख छोडेर हिँड्न सक्ने स्थिति थियो, अहिले त डम्पिङ गरेको सबै फोहोर सडकमा आएपछि यात्रा गर्ने सकिँदैन, दिनदिनै हजारौँ मान्छे हिँड्ने ठाउँमा यस्तो फोहोरको डङ्गुर छ, सरकारले यसको व्यवस्थापन सही रुपमा गर्नुपर्छ, कोरिडोर राम्रो बन्यो भने त यहाँ धेरै भारतीय र चिनियाँ पर्यटक हिँड्छन्, यसले त राम्रो सन्देश दिँदैन ।"

जैमिनी नगरपालिका-२ का प्रेमनाथ सापकोटाले कामले दैनिक बागलुङ बजार आउनुपर्ने यही सडक भएर यात्रा गर्दा बिरामी पर्ने गरेको बताउनुभयो । बागलुङ नगरपालिका-१०, १२, १३, १४ वडासहित जैमिनी नगरपालिका र बरेङ गाउँपालिकाका हजारौँ नागरिक दैनिक कोरिडोर हुँदै यात्रा गर्ने भन्दै अहिले पहिरोको नजिकै पुग्दा धेरैले वान्ता गर्ने गरेको सुनाउनुभयो ।

बागलुङ नगरपालिकाका उपप्रमुख राजु खड्काले वर्षाको डम्पिङसाडको पर्खाल केही दिनमै मर्मत गर्ने बताउनुभयो । पर्खालसँग कोरिडोर जोडिएको र छेउबाट काठेखोलाले बगाइरहेको हुँदा सडकको मापदण्ड छोडेर वर्षा रोकिएपछि पर्खा लगाउने काम सुरु हुने उहाँको भनाइ छ । यो ठाउँमा फोहोर व्यवस्थापन गर्न उचित नभएको धेरै तिरबाट सुझा आएको भन्दै व्यवस्थित स्थानमा डम्पिङसाइट निर्माण गर्ने योजना रहेको उपप्रमुख खड्काले बताउनुभयो । "पर्खाल भत्किएपछि फोहोर सडकमा पुगेको छ, त्यसलाई हटाएर अहिले यातायात सञ्चालन गरेका छौँ, पहिरोको दीर्घकालीन व्यवस्थापनका लागि बागलुङ, बेनी र कुश्मा नगरपालिका मिलेर एउटै ल्याण्डफिलसाइट निर्माण गर्ने गरी छलफल पनि भएको छ", उहाँले भन्नुभयो, "तत्कालका लागि कालठेखोला बगाउँदा सडक साँघुरो भएको छ, त्यसको मापदण्ड छोडेर पर्खाल लगाउँछौँ ।"

मुख्यमन्त्री कप राष्ट्रिय महिला भलिबलको उपाधि कोशी प्रदेशलाई

रासस
काठमाडौं, २७ असार

दोस्रो मुख्यमन्त्री कप राष्ट्रिय महिला भलिबल प्रतियोगिताको उपाधि कोशी प्रदेशको टोलीले प्राप्त गरेको छ ।

प्रदेश खेलकुद विकास बोर्डद्वारा आयोजित उक्त प्रतियोगिताको आज विराटनगर-९ गुद्रीमा सम्पन्न फाइनल खेलमा कोशी प्रदेशले सुदूरपश्चिमप्रदेशलाई ३-२सेटले पराजित गर्दै विजयी भएको हो ।

कोशीले पहिलो, दोस्रो र पाँचौँ सेट आफ्नो पक्षमा पारेको थियो । कोशीले पहिलो सेटमा सुदूरपश्चिमलाई २५-२३, दोस्रो सेटमा २५-१८ र पाँचौँ सेटमा १५-१३ ले पराजित गरेको थियो।

कोशीले उपाधिका साथ नगद रु तीन लाख र ट्रफी प्राप्त गरेको छ । उपविजेता सुदूरपश्चिमले रु एक लाख ५० हजार र ट्रफी प्राप्त गरेको छ ।

तेस्रो स्थान प्राप्त मधेस प्रदेशले रु ७५ हजार र चौथो हुने बागमती प्रदेशले रु ५० हजार नगद पुरस्कार प्राप्त गरेको छ । प्रतियोगितामा उत्कृष्ट खेलाडी कोशी प्रदेशकी सुनिता खड्का, डिफेन्स मोनिका श्रेष्ठ र ब्लकर सुनिता राई भए । त्यसैगरी, उत्कृष्ट सेटर सुदूरपश्चिमकी रेखा ठगुन्ना र सर्भर ऋतिका खडायत भइन् । मधेस प्रदेशकी नेहा चौधरी उत्कृष्ट स्पाइकर घोषित भइन् ।

सामाजिक विकासमन्त्री पाँचकर्ण राई र मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयकी राज्यमन्त्री सिर्जना राईले विजेता एवं उपविजेतालाई ट्रफी र प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

'श्रीलङ्का र बङ्गलादेशी पर्यटकलाई उनीहरुकै मुद्रामा भुक्तानीको सुविधा दिनुपर्छ'

रासस
काठमाडौं, २७ असार

सरोकारवालाहरुले होटललाई विदेशीमुद्रासटहीसुविधामालगाइएको सीमा बढाउनुपर्ने, होटललाई उद्योग सरहको मान्यता दिनुपर्ने तथा कर्जाको पुनःसंरचना तथा पुनःतालिकीकरण गर्नुपर्ने माग गरेका छन् ।

बिहीबार यहाँ आयोजित अन्तरक्रियामा होटल सङ्घ नेपालअन्तर्गतको पाँच तारे उपसमितिका संयोजक शशिकान्त अग्रवालले होटलले प्राप्त गरेको विदेशी मुद्रा सहटी सुविधामा सीमा तोक्न नहुनेमा जोड दिनुभयो ।

"हामीले नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी समक्ष माग राखिसकेका छौँ, हाल प्रतिपर्यटक प्रतिदिन तीन सय अमेरिकी डलर सहटीको सुविधा रहेकोमा त्यसलाई दुई हजार डलर बनाउनु आवश्यक छ", संयोजक अग्रवालले भन्नुभयो। उहाँले हालको तीन सय डलर सटहीको सुविधा 'हाइ इन्ड' पर्यटकका लागि पर्याप्त नहुने उल्लेख गर्नुभयो ।

उहाँले पर्यटन क्षेत्रलाई पनि उद्योग सरहको मान्यता दिन ढिलाइ गर्न नहुने बताउनुभयो । "पर्यटन क्षेत्रलाई उद्योगको मान्यता दिने प्रक्रिया अर्थमन्त्रालयमा पुगेर अड् किएको छ, उक्त प्रक्रिया तुरुन्त अगाडि बढाउनुपर्छ", उहाँले भन्नुभयो । पर्यटन क्षेत्रले उद्योगको मान्यता प्राप्त गरेमा विद्युत् महसुल र बैंकको कर्जाको ब्याजदर सहुलियत दरमा उपलब्ध हुने उहाँले उल्लेख गर्नुभयो । "अहिले हामीले घरायसी शुल्क सरह विद्युत् महसुल बुझाइरहेका छौँ", उहाँले भन्नुभयो, "उद्योगको मान्यता पाए कम शुल्क बुझाए पुग्छ ।"

संयोजक अग्रवालले भैरहवा र पोखरास्थित अन्तर्राष्ट्रिय विमानस्थल चाँडोभन्दा चाँडो प्रभावकारीरुपमा सञ्चालन गर्नुपर्ने, विमानस्थलमा 'ड्युटी फ्री' पसल राख्नुपर्ने र पर्यटकीय गन्तव्यसम्म पुग्ने सडक निर्माण, मर्मत तथा स्तरोन्नतिलाई प्राथमिकता राख्नुपर्नेआवश्यकरहेकोबताउनुभयो।

त्यसअवसरमा हानका प्रथम उपाध्यक्ष प्रवीण पाण्डेले खर्चालु पर्यटकलाई खर्च गर्ने वातावरणमा कानुन बाधक भएको दाबी गर्नुभयो। उहाँले सार्क मुलुकका पर्यटकको सङ्ख्या बढाउन भारतीय पाँच सयका नोट प्रचलनमा ल्याउनुपर्ने तथा श्रीलङ्का र बङ्गलादेशी पर्यटकले उनीहरुकै मुद्रामा भुक्तानी गर्न पाउनुपर्ने व्यवस्थाका लागि सहजीकरण गर्नुपर्नेमा जोड दिनुभयो।

"अहिले भारतीय पर्यटकलाई बढीमा २५ हजार भारु ल्याउन पाउने नियम छ, त्यसमा पनि पाँच सय दरका नोट नेपालमा प्रचलन छैन", उहाँले भन्नुभयो, "सरकारले नेपाल भित्रिने भारतीय पर्यटकलाई बोक्न पाउने मुद्राको सीमा दुई लाख बनाउनुपर्छ।"

उहाँले बैंक तथा वित्तीय संस्थाले पर्यटन व्यवसायलाई विशेष प्राथमिकतामा राखेर प्रदान गरिने कर्जाको आधार दरमा एक प्रतिशतभन्दा प्रिमियम नबढ्ने गरी ब्याजदर कायम गर्दै प्रोत्साहन नीति लिनु आवश्यक रहेको उल्लेख गर्नुभयो । उहाँले विद्युतीय सवारी, विद्युतीय चुल्हो प्रयोग गर्ने होटललाई हरित ऊर्जा कोष स्थापना गरी सहुलियत दिनुपर्नेमा जोड दिनुभयो।

हानका द्वितीय उपाध्यक्ष दिनेश तुलाधरले कोरोना महामारी सकिएको तीन वर्ष पुगे पनि होटल क्षेत्रमा यसको असर अझै रहेकाले राष्ट्र बैंकले आगामी आवको मौद्रिक नीतिमार्फत समस्या सम्बोधन गर्नुपर्ने माग गर्नुभयो ।

"कोरोना महामारीको असर अझै रहेकाले होटललाई नियमित किस्ता र ब्याज भुक्तानीमा समस्या छ । वित्तीय अवस्थाअनुसार विशेष व्यवस्था गरी व्यवहारिक रुपमा बैंक तथा ऋणीहरुलाई सहज हुने गरी लगानीको अनुपातमा कर्जाको साँवा व्याज भुक्तानी गर्न पाउने व्यवस्था हुनुपर्छ", उहाँले भन्नुभयो, "होटलको लगानीको आकार हेरी साँवा र ब्याज भुक्तानीको समयावधि तीन वर्ष गरिनु उपयुक्त हुन्छ ।"

उहाँले कर्जाको पुनःसरचना तथा पुनःतालिकीकरण गर्दा कर्जा र पुँजीको अनुपात तोकेको अवस्थाभन्दा कम हुन गएमा समयावधि बढाई कम्तीमा पनि तीन वर्षभित्र सो अनुपात पूरा गर्ने सर्तमा कर्जा पुनःसंरचना तथा पुनःतालिकीकरण आवश्यक रहेको बताउनुभयो ।

किसानको वर्गीकरण गरी बीमा उपलब्ध गराउनुपर्नेमा जोड

पोखरापत्र संवाददाता
तनहुँ, २७ असार

वास्तविक किसानलाई प्रोत्साहन गर्न किसानको वर्गीकरण गरी बीमा र सहुलियतपूर्ण ब्याजदरमा ऋण उपलब्ध गराउनुपर्नेमा सरोकार भएकाले जोड दिएका छन् ।

जिल्लास्थित कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले संयुक्त रूपमा आयोजना गरेको सार्वजनिक सुनुवाइ कार्यक्रमका वक्ताले वास्तविक किसानको पहिचान गरी सहुलियतपूर्ण ब्याजदरमा ऋण प्रवाह गर्नुपर्नेमा जोड दिएका हुन्।

कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेशका पूर्वमन्त्री एवं सांसद हरिबहादुर चुमानले किसानको पहिचान र वर्गीकरण गरी अनुदानको व्यवस्था गरेमात्रै किसानको जीवनस्तर माथि उठ्ने बताउनुभयो ।

"सुक्खा र वर्षायाममा हुने कृषि र पशुजन्य विपद् को अवस्थामा किसानका समस्या सम्बोधन गर्न सम्बन्धित मन्त्रालयमा विपद् कोष स्थापना गरिनुपर्छ", उहाँले भन्नुभयो, "कोष स्थापना गरेमा विपद् मा परेका किसानलाई तत्काल राहतको व्यवस्था गरी विस्थापित हुनबाट जोगाउन सकिन्छ ।"

प्रदेशसभा सदस्य श्यामराजा महतले किसानलाई प्राथामिकतामा राखेर काम गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले किसान आत्मनिर्भर बन्दै गए नागरिकको जीवनस्तरमा सुधार हुनुका साथै मुलुकको अर्थतन्त्रलाई सबल र चलायमान बनाउन सकिने धारणा राख्नुभयो ।

गण्डकी प्रदेशका भूमि व्यवस्था तथा कृषि मन्त्रालयका सचिव टङ्कप्रसाद प्रसाईँले गुणस्तरीय उत्पादनका आधारमा किसानलाई अनुदान दिने कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गरिनुपर्ने बताउनुभयो । अवैधानिक आयातलाई निरुत्साहित गरी स्थानीय उत्पादनको बजारीकरणमा स्थानीय र प्रदेश सरकारले नीति बनाएर कार्यान्यन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

"कृषिलाई रुपान्तरण गर्न आधुनिकीकरणमा जोड दिइनुपर्छ । बीमा कार्यक्रमलाई प्रभावकारी बनाउन किसानको पुनःस्थापना कार्यक्रमलाई प्राथामिकता दिन आवश्यक छ", सचिव प्रसाईँले भन्नुभयो, "वास्तविक किसानको पहिचान गरी विभिन्न तहमा वर्गीकरण गरेर बीमा र सहुलियतमा ऋण दिने व्यवस्था गर्न सके किसान लाभान्वित हुनुका साथै विस्थापितहरूलाई पुनःस्थापन गर्न सकिन्छ ।"

जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेले कृषिलाई संरक्षण र संवर्द्धन गर्न व्यावसायिक कृषि पेसालाई जोड दिनुपर्ने बताउनुभयो । कृषिलाई सुलभ ब्याजदरमा ऋण प्रवाह गर्न वर्गीकरण गरी उत्पादन परिणामका आधारमा अनुदान दिने व्यवस्था गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

कृषि ज्ञान केन्द्रका प्रमुख गोपाल शर्मा लामिछाने र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र प्रमुख डा राजेशकुमार चौधरीले कार्यालयले वार्षिक रूपमा गरेका गतिविधिका बारेमा जानकारी दिनुभएको थियो । कार्यक्रममा जिल्लाका १० वटै पालिकाका व्यावसायिक किसान, जनप्रतिनिधि, विभिन्न सङ्घसंस्थाका प्रतिनिधि, सञ्चारकर्मीलगायतको उपस्थिति थियो ।

मनसुनको एक महिना: कोशी, गण्डकी र लुम्बिनीमा बढी मानवीय क्षति

रासस
काठमाडौं, २७ असार

बढी वर्षा हुने आकलन गरिएको यसपालिको मनसुनमा कोशी, गण्डकी र लुम्बिनी प्रदेशले बढी मानवीय क्षति बेहोरेको छ ।

मनसुन सुरु भएपछिको एक महिनामा (जेठ २८ देखि आज असार २७ सम्म) देशभरमा ८८ जनाको मृत्यु भएकामा सबैभन्दा बढी क्षति उल्लेखित तीन प्रदेशमा भएको छ।

सातमध्ये गण्डकी प्रदेशले सबैभन्दा बढी मानवीय क्षति बेहोरेको हो । नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीका अनुसार सबैभन्दा बढी गण्डकी प्रदेशमा २५ जनाको मृत्यु भएको छ भने लुम्बिनी प्रदेशमा २३ र तेस्रोमा कोशी प्रदेशमा १९ जनाले ज्यान गुमाएका छन् ।

नेपालप्रहरीलेदिएकोजानकारी अनुसार काठमाडौँ उपत्यकामा एक, मधेस प्रदेशमा चार, बागमती प्रदेशमा पाँच, कर्णाली प्रदेशमा चार र सुदूरपश्चिम प्रदेशमा सात जनाको मृत्यु भएको छ ।

कार्कीले अहिलेसम्म देशभर गरेर अहिलेसम्म एक सय छ जना घाइते भएका पनि जानकारी दिनुभयो । अहिलेसम्म छ जना बेपत्ता रहेका छन् ।